दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १३६ | बुटवल | २०८२ बैशाख ३०, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday May.13, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# लुम्बिनी गुरुयोजना छिटो पूरा गर्ने प्रयासमा छौं : प्रधानमन्त्री

**लुम्बिनीकै कारणले विमानस्थल पूर्ण सञ्चालनका लागि सरकार संवेदनशील भएको पर्यटनमन्त्री पाण्डेको भनाइ छ।**

**मोहम्मद हबिब**
*भैरहवा*



प्रधानमन्त्री केपी शर्मा ओलीले भारत र पाकिस्तानबिच हात हालाहाल हुन लागेको, तर आफूहरुले त्यसो नगर्न सुझाव दिएको बताएका छन् ।

सोमबार लुम्बिनीमा आयोजित बुद्ध जयन्तीमा समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले ओलीले सो कुरा बताएका हुन् ।

उनले भने-'भर्खर केही दिन अगाडि मात्रै हाम्रै छिमेकमा झण्डै झण्डै भारत र पाकिस्तानको अलिकति हात हालाहाल त भएको थियो । तर, हात हालाहाल बढ्न पाएन । संयमका लागि उहाँहरूलाई धन्यवाद छ । हामीले सुरुदेखि भन्यौं, विस्तार हुन नपाओस् है यो । यो हात हालाहालको स्थिति लडाइँमा परिणत हुन नपाओस् भनेर कामना गऱ्यौं । उहाँहरूसँग पनि कुरा गऱ्यौं, नभन्दै उहाँहरूले लडाइँमा जान नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।'

भारत-पाकिस्तानबिच फेरि पनि आरोप प्रत्यारोपको स्थिति रहेको भन्दै उनले बुद्धका शान्तिका सन्देशहरूको अर्थ अहिले पनि र जहाँ पनि रहेको बताए ।

बुद्ध जन्मस्थल लुम्बिनी विश्वमा शान्तिको सन्देश छर्ने पवित्र भूमि भएको उनले बताए । लुम्बिनीमा आयोजित बुद्ध जयन्ती समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले बुद्धका शान्ति, प्रेम र करुणा फैलाउने तथा संसारमै हिंसा नहोस् भन्ने सन्देश अहिले पनि उत्तिकै सान्दर्भिक भएको उल्लेख गरे । ओलीले बुद्धका सन्देश र आदर्श हरेक व्यक्ति, समाज, राष्ट्र र विश्वको शान्तिका अति उपयोगी रहेको बताए । बुद्धका सन्देशको थप खोज अनुसन्धान र विस्तारको काम लुम्बिनी बौद्ध विश्वविद्यालयले गर्नु पर्ने प्रधानमन्त्रीले आग्रह गरे ।

लुम्बिनीको गुरुयोजनाअनुसार काम सकेसम्म छिटो पूरा गर्न सरकार लागेको उनले बताए ।

प्रधानमन्त्री ओलीले लुम्बिनीमा ५ हजार जना क्षमताको सभा हल आफ्नै अग्रसरतामा निर्माण भएको स्मरण गरे । तर हलमा ध्वनी प्रणाली राम्रो नभएको टिप्पणी गर्दै उनले तत्काल सुधार गर्न निर्देशन दिए ।

वक्ता बोलेको कुरा हलमा उपस्थित सबैले स्पष्ट सुन्न सकिने गरी बनाउन प्रधानमन्त्रीले निर्देशन दिए ।

हलमा कार्यत्रम हुँदा विभिन्न भाषामा उल्था गर्ने जनशक्ति र प्रविधि व्यवस्था गर्न आग्रह गरे । लुम्बिनी प्रदेशका मुख्य मन्त्री चेतनारायण आचार्यले बुद्धको सन्देशलाई हामी सबैले अनुशरण गर्न जरुरी रहेको बताए । 'बुद्धजयन्तीले शान्तिको सन्देश विश्व सामु फैलाउन र गौतमबुद्धले दिएका सन्देशलाई प्रचार-प्रसार गर्न प्रेरणा प्रदान गर्न सक्नुपर्छ । जनताले मान्दै आएको गौतमबुद्धको दर्शनलाई मार्गदर्शक सिद्धान्तको रूपमा लिएर अगाडि बढिरहेको यस सन्दर्भमा बुद्धको सन्देश र दर्शन अझै महत्त्वपूर्ण र आवश्यक बन्दै गइरहेको छन्,' उनले भने-'यो पवित्र भूमिमा शान्तिका अग्रदूत गौतमबुद्धको जन्मजयन्ति मनाउन हामी सबै यहाँ उपस्थित भएका छौं । लुम्बिनी ज्ञान भूमि हो । पवित्र तपोभूमि हो । यहाँ स्वदेशी तथा विदेशी पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ । लुम्बिनीको बारेमा सम्माननीय प्रधानमन्त्रीले नजिकबाट नियाल्नु भएको छ । उहाँको नेतृत्वमा भैरहवा विमानस्थल सञ्चालनमा आउनेछ र लुम्बिनीको मुहार फेरिनेमा विशवस्त छौं ।'

संस्कृति,पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले लुम्बिनी साझा श्रद्धा र शान्तिको भूमी भएको बताए । उनले भने-'बुद्ध समस्त मानवताको साझा ज्योति हुनुहुन्छ, उनको ज्ञान कल्याणकारी छ । सबै प्राणीको हितका लागि प्रज्ज्वलित छ ।' लुम्बिनीलाई विश्वकै आध्यात्मिक अध्ययन, चिन्तन र मनन केन्द्रको रूपमा पहिचान गराउन सरकार प्रतिबद्ध रहेको जनाए ।

लुम्बिनी विकास कोषका अध्यक्ष समेत रहेका पण्डेले लुम्बिनीकै कारणले पनि भैरहवा विमानस्थल चल्ने बताउँदै विमानस्थल सञ्चालनका लागि सरकार संवेदनशील भएर लागेको बताए । उनले काठमाडौंबाहिर रहेका भैरहवा र पोखरा विमानस्थल सञ्चालनका लागि बनेको कार्ययोजना तयार भएर लागू भएको बताउँदै कार्यान्वयनमा अझैं केही समस्या रहेको र आगामी जेठ ७ गते प्रधानमन्त्रीसहित अन्तरमन्त्रालयको बैठक बसी समस्या समाधान गरिने बताए ।

कार्यक्रममा स्वागत गर्दै उपाध्यक्ष डा. ल्यारक्याल लामाले दिवसको अवसरमा बुद्धको उपदेशको सन्देश संसार भर दिन सकोस र सिंगो मलुकमा भएको द्वन्द र हिंसा समाप्त हुन सकोस भन्दै बुद्वका सन्देशलाई विश्वभर फैलाउन प्रयास गरिरहेको औंल्याए ।

» बाँकी ३ पेजमा

## 'नेपालको शासन स्वेच्छाचारिता उन्मुख'

बुटवल । पूर्वन्यायाधीशहरूले मुलुकको शासन व्यवस्था स्वेच्छाचारितातर्फ उन्मुख हुँदै गएको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

पूर्वन्यायाधीश फोरमले सोमबार एक विज्ञप्ति जारी गर्दै मुलुकको शासन व्यवस्था अनुशासित, उत्तरदायी र मर्यादित बाटोबाट विमुख हुँदै गएको भनी टिप्पणी गरेको हो ।

फोरमका अध्यक्ष एवं सर्वोच्च अदालतका पूर्वन्यायाधीश टोपबहादुर सिंहले विज्ञप्ति जारी गर्दै मुलुकको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका ह्रासोन्मुख हुन लागेको बताएका हुन् ।

पूर्वन्यायाधीश फोरमको तर्फबाट उनले विज्ञप्तिमार्फत् भनेका छन्-'कानुनी शासनको व्यावहारिक पक्ष इतिहासको सर्वाधिक कमजोर अवस्थामा पुग्न गएको टड्कारो रूपमा देखिँदैछ ।'

राज्य व्यवस्था सञ्चालनका नाममा सरकार सञ्चालकहरूबाट नागरिकको नैसर्गिक हकहरू कुण्ठित गरिएको भन्दै उनले त्यसबाट विधिको शासन ह्रासोन्मुख भएको र स्वेच्छाचारिताले प्रश्रय पाएको भनी टिप्पणी गरेका हुन् ।

फौजदारी कानुन कार्यान्वयन गर्ने निकायहरू आफ्नो कर्तव्य निर्वाह गर्न असफल हुँदै गएको औंल्याउँदै उनले कतिपय अनुसन्धान, गिरफ्तारी र अभियोजनलाई प्रचलित कानुनको मर्म विपरीतको भनी टिप्पणी गरेका छन् ।

पूर्वन्यायाधीश फोरमले न्यायपालिका संवैधानिक भूमिकाको निर्वाहमा अपेक्षाकृत कमजोर देखिएको औंल्याएको हो ।

» बाँकी ३ पेजमा

## राजावादी आन्दोलनलाई निस्तेज पार्नुपर्छ : प्रचण्ड



बुटवल । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राजावादीहरूले जेठ १५ गते घोषणा गरेको आन्दोलनलाई निस्तेज पार्नेगरी लाग्न पार्टी पंक्तिलाई आग्रह गरेका छन् ।

सोमबार वाइसीएल नेपाल, कर्णाली प्रदेशको पहिलो सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्ने क्रममा उनले यस्तो आग्रह गरेका हुन् ।

'अहिले सबै पूर्वपञ्चहरू मिलेर जेठ १५ देखि आन्दोलन गर्ने भनेर घोषणा गरेका छन् । म विशेष अपिल गर्न चाहन्छु,' प्रचण्डले भनेका छन्-'उनीहरूको त्यो गतिविधिलाई निस्तेज पार्नका लागि हर गाउँमा, हर टोलमा जानुपर्नेछ । उनीहरूको प्रतिक्रान्तिकारी षड्यन्त्रको भण्डाफोर गर्नुपर्नेछ ।' साथै उनले वर्तमान सरकार उल्टो दिशामा हिंडेका कारणले जनतामा निराशा देखा परेको र त्यो असन्तुष्टिको दुरुपयोग राजावादीले गरेको आरोप लगाए ।

'हामीले त्यो अभियान चलाउँदै गर्दा काठमाडौंमा यो सरकारका गतल क्रियाकलाप, उल्टो दिशा हिँडेको कारणले जनतामा निराशा देखा पऱ्यो,' प्रचण्डले सम्बोधनका क्रममा भनेका छन्-'त्यो असन्तुष्टिलाई राजावादीले दुरुपयोग गर्ने कोशिस गरे । समाजवादी मोर्चासमेत भएर प्रहार गर्दा राजावादीको बेलुन फुट्यो । अझैं पनि उनीहरू दुस्साहस गर्ने कुचेष्टा गर्दैछन् ।'

उनले राजावादीहरूले लगाएको घुर्कीविरुद्ध देशभरका जनता लाग्नुपर्ने जिकिर गरे ।

'उनीहरू तीनै राजामहाराजा होइनन्, जसले अढाइ सय वर्ष राज गरेर संसारको सबैभन्दा बढी देशको दर्जामा ल्याउने यिनीहरू नै होइनन् ?,' प्रचण्डले भने-'आफ्नै राजा र राजपरिवारको हत्या हुँदा, हत्यारा पत्ता लगाउने कुरामा आँ पनि गर्न नसक्ने कायर यिनै होइनन् ? यिनीहरूको घुर्कीविरुद्ध देशभरका जनताले प्रतिवाद गर्नैपर्छ ।'

## जीप दुर्घटनामा पति-पत्नीको मृत्यु

बुटवल । रूकुम पश्चिममा सोमबार दिउँसो भएको जीप दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ ।

तुलसीपुरका ५० वर्षीय नरबहादुर वलीको घटनास्थलमै मृत्यु भएको र उनकी ४४ वर्षीया घाइते श्रीमती लिला वलीको अस्पताल पुऱ्याउना साथ चिकित्सकले मृत घोषणा गरेको जिल्लाका निमित्त प्रमुख प्रहरी निरीक्षक ऋषि पाठकले बताए ।

दुर्घटनामा परी ५० वर्षीया दुर्गा वली र गाडी चालक तुलसीपुर-७ का ४४ वर्षीय लिलामणि भण्डारी समेत गम्भीर घाइते भएका छन् ।

घाइते दुवै जनाको जिल्ला अस्पताल चौरजहारीमा उपचार भएको छ । उनीहरूको पुर्खेली घर सानीभेरी गाउँपालिका-१० रहेको हुँदा दाङको तुलसीपुरबाट कुलपूजाका लागि त्यहाँ पुगेका थिए । कुलपूजा सकेर दाङ फर्कने क्रममा उनीहरू सवार जीप सोमबार लु.प्र ०२-००१ च ०१७७ नम्बरको जीप दिउँसो २ बजेतिर दुर्घटनामा परेको थियो ।

रूकुम पश्चिमको सानीभेरी गाउँपालिका-१० अमालटाकुराको सिम्लीदेखि तिमिले जोड्ने भित्री सडकमा ब्रेक फेल भई दुर्घटनामा परेको थियो । जीप झन्डै पाँच सय मिटर तल खसेको थियो । माथिल्लो बाटोबाट दुर्घटनामा परेको जीप तल्लो सडकखण्डमा पुगेको प्रहरीले जानकारी दिएको छ ।

तीब्र गतिका कारण जीप दुर्घटनामा परेको आशंका प्रहरीको छ । दुर्घटनाबारे थप अनुसन्धान हुन बाँकी रहेको पनि प्रहरीले बताएको छ।

## मिटरब्याज पीडित किसानले जेलमा किन भेटे रविलाई ?




**लुम्बिनी संवाददाता**
*भैरहवा*

मिटरब्याज पीडित किसान-मजदुरहरुले रास्वपा सभापति रवि लामिछानेसँग कारागारमा भेटेका छन् ।

मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिका संयोजक अवधेश कुशवाह र निर्घ नविनसहितको टोलिले भैरहवास्थित रुपन्देही जिल्ला कारागारमा भेट गरेको हो ।

भेटमा टोलीले किसानका समस्यामा सरकार अनुदार बनेको गुनासो सुनाएको थियो । गृहमन्त्रीका रुपमा रवि लामिछानेले गरेका सम्झौता नयाँ सरकार बनेपछि कार्यान्वयन नगरिएको उनीहरुले बताए ।

निर्घ नविनले भने-'पहिला जुन तदारुकताका साथ काम भएको थियो, अहिले त्यो छैन । त्यति लामो छलफल र गृहकार्यपछि भएको सम्झौता अहिले कार्यान्वयन हुनै सक्दैन भन्ने कुरा भइराखेको छ । एक हिसाबले भन्ने हो भने सरकारले हामीलाई चिन्न छोडिसक्यो ।'

संघर्ष समितिका संयोजक अवधेश कुशवाहले जिल्लाहरुमा प्रहरी र सीडीओहरु फेरिएसँगै मिटर व्याज पीडितमाथि नै मुद्दा चलाइएको र पक्राउ गरिएको बताए ।

'सरकार साहुकारहरु जोगाउन लागिराखेको छ । अन्याय भयो भनेर कहाँ जाने ? गृह मन्त्रालयको ढोका बन्द जस्तै छ, अहिले पीडितका लागि ।'-उनले भने । जवाफमा रवि लामिछानेले नआत्तिन र एक भएर अघि बढ्न आग्रह गरेका छन् । पीडितहरुबिच राजनीति हुन नहुने भन्दै उनले न्यायको लडाइँ एकदिन अवश्य जितिने बताए ।

लामिछानेले भने-'धनी र गरिबबिचको लडाइँ लामो चल्छ । जित न्यायको हुन्छ, तर धैर्य गर्नु, जनताको कुरा सरकारले नसुनेर कहाँ हुन्छ ? सुन्नुपर्छ, सुन्छ । यो नभए अर्कोले सुन्छ । त्यतिञ्जेल तपाइँहरुबिच फाटो आउन भएन । एक भएर लड्नुपर्छ । न्याय पाउनुअघि दुःख हुने रहेछ, जुन मैले भोगिरहेको छु । यसपछि न्याय हुन्छ । तपाइँहरुले पाएको दुःख न्याय पाउनुअघिको हो । नआत्तिनु ।' लामिछाने सुप्रिम सहकारी ठगी प्रकरणमा रुपन्देही कारागारमा छन् ।




## सम्पादकीय

# आशा जगाउने काम

मुलुक आर्थिक संकट चुलिएपछि सरकारले चालेका कदमले मुलुकमा सकारात्मक नतिजा आइरहेका छन् । ती नतिजाले आशा जगाउने काम गरेका छन् । अहिले सुधारको लागि चालेका कदम सही दिशातिर अघि बढेका छन्, त्यसलाई सकारात्मक मान्नुपर्छ ।

गत आर्थिक वर्षको ९ महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा राजस्व केही वृद्धि भएको छ । चालु आर्थिक वर्षको पछिल्लो ९ महिनामा ६४ प्रतिशत राजस्व संकलन भएको छ । यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९ प्रतिशतको वृद्धि हो । विदेशी मुद्राको सञ्चिति पछिल्लो एक वर्षदेखि निरन्तर बढ्दो छ । चालु आर्थिक वर्षको ९ महिनाको अवधिमा नेपालको विदेशी मुद्रा सञ्चितिमा अमेरिकी डलर अत्यधिक बढेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्याङ्कअनुसार, चालु आर्थिक वर्षको ९ महिनामा विदेशी मुद्रा सञ्चिति २४ खर्ब २६ अर्ब ८४ करोड रुपैयाँ पुगेको छ । २०८१ असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड बराबर रहेको विदेशी विनिमय सञ्चिति १८ प्रतिशतले वृद्धि भई चैत मसान्तमा २४ खर्ब २६ अर्ब ८४ करोड बराबर पुगेको छ । अहिले नेपालमा रहेको विदेशी मुद्राले साढे १७ महिनालाई पुग्ने वस्तु तथा सेवा आयात धान्ने अवस्था छ । नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको ९ महिनामा चालु खाता २१० अर्ब २२ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता १७९ अर्ब ८३ करोडले बचतमा थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १ अर्ब ३५ करोडले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा १ अर्ब ५५ करोडले बचतमा छ । अहिले बैंकहरूमा तरलता वृद्धि भएको, व्याजदर घटेको र लगानी वृद्धि हुन थालेको छ । बैंकिङ प्रणालीमा करिब ६ खर्ब बढीको तरलता लगानी योग्य रहे पनि लगानी हुन सकेको छैन । राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको नौ महिनामा कुल आन्तरिक कर्जा २ दशमलव ५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १ दशमलव ८ प्रतिशतले बढेको थियो । काम गरेको आयोजनाको भुक्तानी नपाएको भन्दै सडक आन्दोलन गरेका निर्माण व्यवसायीहरू अहिले सरकारले भुक्तानी दिएको भन्दै खुशी भएका छन् । गत आर्थिक वर्ष २८ अर्ब भुक्तानी बाँकी रहेकोमा चालु आबमा अधिकांश भुक्तानी भइसकेको छ ।

मुलुकमा निराशाको खेती छ । केही भएन्, अब केही हुँदैन, मुलुक ओरालो लाग्यो भन्ने भाष्य निर्माण गर्दा समाज झनै निराश भएको छ । समाजलाई आशा जगाउने सरकार, राजनैतिक दल, चेतनशील नागरिक समाज र सञ्चारमाध्यमले हो । अर्थतन्त्रका सूचकमा आएको सुधारले आशा जगाएको छ । अब निराशालाई चिर्दै अघि बढ्नुपर्छ । अर्थतन्त्रमा आएको सुधार केपी ओली नेतृत्वको सरकारले लिएको सही नीतिका कारण हो भन्ने बुझ्नुपर्छ । केही हुँदैछ, आशा गरौं । मुलुकको समृद्धिका लागि आन्तरिक उत्पादन बढाउनुपर्नेछ, रोजगारी श्रृजना ठूलो संख्यामा गर्नुपर्नेछ । त्यो दिशामा बढ्ने गरी आगामी आबको बजेट आउने प्रतीक्षा गरौं । मुलुक संकटको खाडलबाट माथि निस्केको छ । अब तीब्र आर्थिक वृद्धिको बाटोमा बढ्ने आधार तय भएको छ । यो मुलुकको समृद्धिको लागि सुखद पक्ष हो ।

# किन खाने पुदिनाको अचार ?



पुदिनाको अचार स्वास्थ्यको लागि लाभदायी मानिन्छ । यसले शरीरलाई शितलता प्रदान गर्नुका साथै विभिन्न रोगहरुबाट बचाउँछ ।

**पुदिनाको अचारका फाइदाहरु**

यसरी खानामा पुदिनाको अचार थप्दा स्वादमा बढवा दिन्छ । साथै शरीरलाई शितलता प्रदान गर्छ । पेट, त्वचा लगाएतको समस्यामा पनि पुदिनाको अचार लाभदायी छ । त्यस्तै प्रसवको समयमा पनि पुदिनाको अचारको सेवन गर्नु लाभदायी छ ।

पुदिनाको पात पिसेर निधारमा लगाएमा टाउको दुख्ने समस्याबाट आराम पाइन्छ ।

पुदिना, तुलसी, अदुवा र कालीमोर्चालाई मिलाएर पानीमा उमाल्नुहोस् । जुन रस ग्यास्टिक समस्या भएकाले लगातार सेवन गर्दा जरैदेखि समस्या समाधान हुन्छ । पुदिनाको पातको धुलोलाई चिनीसँग मिलाएर खाएमा पेट दुख्ने समस्या निको हुन्छ ।

पुदिनाको ताजा रस सेवन गर्दा रुघाखोकी निको हुन्छ । ज्वरो आएको बेला पुदिना र तुलसीको पात पानीमा उमालेर सेवन गर्दा ज्वरो ठीक हुन्छ ।

दाद, एलर्जी भएको ठाउँमा पुदिनाको पात पिसेर लेप लगाउँदा ठीक हुन्छ । पुदिनाको सेवनले खटाई लाग्ने समस्या पनि निको हुन्छ ।

यसको सेवनले गर्मीमा लाग्ने लू बाट पनि राहात मिल्न सक्छ । यदि शरीरमा घाउ छ भने त्यहाँ पुदिनाको लेप लगाउँदा छिटो निको हुन्छ ।

पुदिनाको पात पिसेर त्यसको लेप मुहारमा लगाउँदा पनि दाग, धब्बा निको हुनुका साथै मुहार चम्किलो पनि हुन्छ ।

यसको चटनी (अचार) बनाएर खाएमा पेटको सबै समस्या निको हुन्छ ।

# आर्थिक क्षेत्रको निराशालाई आ.व.२०८२/०८३ को बजेटले पूरा गर्न सक्ला ?



मोहन कुँवर

*देशको अर्थतन्त्रलाई बलियो बनाउन यतिबेला सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रका जिम्मेवार व्यक्तिहरु एकताबद्ध भएर अघि बढ्न जरुरी रहेको छ । राजनीतिक दलहरु भनेको जनताका प्रतिनिधित्व गर्ने माध्यम हुन, त्यसैले देश र जनताप्रति जिम्मेवारी वहन गर्नुपर्ने सम्पूर्ण राजनीतिक दलहरुको उत्तरदायित्व हुन्छ । अहिलेसम्मका बजेट विनियोजनको राम्रा तथा कमजोर पक्षको विश्लेषण गरी सम्पूर्ण दलहरुबिच सहमति कायम गरी बजेट कार्यान्वयन गराउन आवश्यक रहेको छ । राजनीति दलहरुले चुनावको समयमा मात्र जनताहरुलाई विभिन्न किसिमका आश्वासन दिने, तर पूरा गर्न नसक्ने हुनाले पनि दलहरुप्रति जनताका आशा र विश्वास हराउँदै गएको देखिन्छ । राजनीति दलहरुले देशका विभिन्न क्षेत्रको अवस्था र आवश्यकता हेरि बजेट बाडँफाँट गर्न जरुरी रहेको देखिन्छ ।*




कुनै पनि देशको आर्थिक अवस्था के कस्तो छ भन्ने कुरालाई उक्त देशको बजेट आकार र नीति तथा कार्यक्रमले विशेष प्रभाव पार्ने गर्दछ । सामान्यतया बजेट भन्नाले कुनै आर्थिक वर्षको लागि सरकारको आम्दानी र खर्चको विवरणसहित घोषणा गरिने कार्यक्रमको सँगालो हो । साथै सरकारले कुनै निश्चित अवधिका लागि समय र परिस्थिति अनुसार तर्जुमा गरिएको आम्दानी र खर्चको योजनाबद्ध विवरणलाई पनि बजेट भनिन्छ । बजेट सरकारको राजानीतिक आर्थिक र सामाजिक घोषणा पत्र पनि हो जसले देशको नागरिकको अवस्थालाई कुन दिशातर्फ लैजाने भन्ने कुरालाई पनि दर्शाएको हुन्छ । देशमा दिनप्रतिदिन बढिरहेको महङ्गी र भ्रष्टाचारले गर्दा देशका नागरिकहरुले भोगिरहेका दैनिकी जीवनयापनको सास्तिसँगै जटिल बनाएको हालको अर्थतन्त्रलाई आउँदो आर्थिक वर्षको बजेटको आकार र नीतिले कसरी सामना गर्दछ भन्ने कुरा केही दिनमा घोषणा हुने आर्थिक बजेट र नीतिले बताउनेछ । देशमा अस्थिर राजनीतिक प्रणाली, वैदेशिक परनिर्भरता, बढ्दो व्यापार घाटा साथै सरकारको तर्फबाट उत्पादन क्षेत्रमा गरिएको न्यून लगानी, युवाहरुको बढ्दो विदेश पलायनलगायत विभिन्न कारणहरुले गर्दा देशको समग्र क्षेत्रमा निराशा देखिएको छ । साथै निम्न कुराहरुलाई विशेष ध्यान दिई बजेट विनियोजन तथा कार्यान्वयनमा ध्यान दिन पनि जरुरी रहेको देखिन्छ ।

**कृषि क्षेत्रको विकास**

विशेषगरी सरकारले देशमा रोजगारिको वृद्धिदर बढाउनको लागि कृषि आधुनिकरण र औद्योगिक विकाश गर्न जरुरी छ । कृषि क्षेत्रबाट अत्याधिक मात्रामा उत्पादन बढाउन सक्ने हो भने औद्योगिक क्षेत्रलाई टेवा पुर्‍याइ रोजगारीको सिर्जनालाई प्रचुर मात्रामा अगाडि बढाउन सकिन्छ । जसको लागि नेपाल सरकारबाट कृषि क्षेत्रमा विशेष ध्यान दिन जरुरी रहेको हुन्छ । कृषि क्षेत्रलाई टेवा पुर्‍याउनका लागि किसानहरुलाई तालिम, राहत प्याकेज, सिँचाइको सहज व्यवस्था, मौसमअनुसारको बिउबिजन तथा मलको व्यवस्था र पशुपालन व्यवसायमा सहजता बनाउन जरुरी रहेको देखिन्छ । यसका साथै आधुनिक कृषि सामग्रीको सहज उपलब्ध र सहुलियत दरमा ऋण सुविधा प्रदान गर्न सक्ने हो भने पनि कृषि उत्पादन क्षेत्रको विकाश गर्न केही सजिलो हुने देखिन्छ ।

कृषि क्षेत्रमा देखिएको अहिलेको मुख्य चुनौतीको विषय आयात नै रहेको छ, कसरी हुन्छ उत्पादन वृद्धि गरेर आयात प्रतिस्थापन गर्ने उद्देश्यमा सरकार लाग्नुपर्ने देखिन्छ साथै किसानहरुलाई उचित मूल्यमा बजार भाउको व्यवस्था गर्न पनि जरुरी रहेको देखिन्छ । आफ्नै खेतबारीमा उत्पादन हुने कृषिजन्य उत्पादनसमेत आयात भइरहेको देखिन्छ, त्यसैले बढ्दो आयातलाई कम गर्दै उत्पादनमा जोड दिने गरी सरकार अघि बढ्न पनि जरुरी रहेको छ । पछिल्लो समय गाउँ छोडेर शहरतिर प्रवेश गर्नेहरु पनि बढिरहेको र गाउँका उत्पादन योग्य जमिन बाँझो रहेको हुनाले गाउँमा कृषि सेवा सुविधाको प्याकेजसहित किसानहरुलाई उत्पादन क्षेत्रमा अग्रसर बनाउन आवाश्यक रहेको देखिन्छ । सरकारले गएको आर्थिक वर्ष २०८१/०८२ देखि १० वर्षलाई 'कृषिमा लगानी दशक' घोषणा गरेको छ ।

आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गर्दै पूर्व अर्थमन्त्री वर्षमान पुनले लगानी दशक घोषणा गरेका थिए । गएको आर्थिक वर्ष कृषि मन्त्रालयको बजेट ५८ अर्ब ९८ करोड रहेको थियो । हालका अर्थमन्त्री विष्णु पौडेलले पूर्व अर्थमन्त्रीले घोषणा गरेका नीतिगत कार्यलाई कसरी निरन्तरता दिन्छन् र यसपाली कृषि क्षेत्रमा बजेट कति र कसरी प्रस्तुछ गर्नेछन् भन्ने कुरा केही दिनमा सदनमा घोषणा हुने बजेट रकम र नीतिले बताउनेछ ।

**औद्योगिक क्षेत्रको विकाश तथा लगानीमैत्री वातावरण**

देशको अर्थतन्त्रलाई बलियो बनाउनको लागि स्वदेशी तथा वैदेशिक लगानीको महत्वपूर्ण भूमिका हुन्छ । सरकारले देशमा निजी तथा सरकारी क्षेत्रबाट सञ्चालित उद्योग तथा व्यवसायको लागि अनुदान तथा करको दरमा छुट प्रदान गरी प्रोत्साहन गर्न पनि सक्दछ भने देशको अर्थतन्त्रलाई दीर्घकालीन रुपमा विकाश गर्नको लागि वैदेशिक लगानीलाई देशमा भित्र्याउन आवश्यक पर्दछ । जापान, अमेरिका, चीन, अस्ट्रेलिया जस्ता ठूला देशहरुबाट लगानीकर्ता भित्र्याउन लगानीमैत्री नीति लागू गर्न सकियो भने देशमा औद्योगिक उत्पादनमा वृद्धि गरी आर्थिक क्षेत्रमा टेवा पुर्‍याउन मद्दत पुग्दछ ।

सूचना र प्रविधि तथा विश्वव्यापीकरणको खुल्ला युगमा प्रत्यक्ष वैदेशिक लगानी हाम्रो जस्तो देशमा आर्थिक वृद्धि तथा विकासको लागि महत्वपूर्ण वित्तीय साधन मानिन्छ । उदारीकृत अर्थराजनीतिको अवधारणाबाट विकास तथा उत्पादनका साधनलाई चलायमान तथा गुणात्मक अभिवृद्धि गराउन वैदेशिक लगानीलाई प्रयोग गर्न सकिन्छ, तर वैदेशिक लगानीलाई सहज पार्नको लागि सरकारले राजनीतिक स्थिरता, भ्रष्टाचार मुक्त प्रशासनिक, सीपयुक्त श्रम बजार,आधुनिक पूर्वाधार र विदेशी कम्पनीको प्रवेश तथा बर्हिगमन प्रक्रिया सहज पार्ने जस्ता कुरामा ध्यान दिनु जरुरी छ । देशमा औद्योगिक विकासलाई अघि बढाउन सरकारी तथा निजी क्षेत्रबाट विशेष प्राथमिकता साथ अघि बढ्ने हो भने देशमै रोजगारको अवसरले गर्दा बढ्दो युवा पलायनलाई कम गर्न पनि सहायता पुग्ने देखिन्छ ।

**पर्यटन व्यवसायको विकास**

नेपाल प्राकृतिक स्रोत र साधनले भरिपूर्ण भएको देश हुनाले पनि यहाँ पर्यटन व्यवसायको सम्भावना प्रचुर मात्रामा रहेको देखिन्छ । पर्यटन व्यवसायलाई वैदेशिक मुद्रा आर्जन गर्ने प्रमुख माध्यम पनि मानिन्छ, जसले गर्दा देशको आन्तरिक विकाससँगै कुल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, राष्ट्रिय आय बढाउनुका साथै ठूला तथा घरेलु उद्योग र उत्पादनमा वृद्धि गराउँदै देशमा प्रमुख समस्याको रुपमा देखिएको बेरोजगारी समस्यालाई पनि न्यून गराउन मद्दत गर्दछ । तर नेपालमा प्रचुरमात्रामा पर्यटन व्यवसायको सम्भावना हुँदाहुँदै पनि उचित व्यवस्थान र प्रचारप्रसारको कमिले गर्दा सोँचेजति पर्यटन व्यवसायबाट देशले आर्थिक लाभ लिन सकिरहेको छैन । विश्वकै सबैभन्दा अग्लो हिमाल सगरमाथा, गौतमबुद्धको जन्म भएको देश र अन्य विश्व प्रसिद्ध प्राकृतिक, साँस्कृतिक तथा धार्मिक स्थलहरुले गर्दा पनि नेपालमा बाह्य पर्यटकहरुलाई नेपालप्रति विशेष चासो रहेको हुन्छ । त्यसैले सरकारले पर्यटन व्यवसायको क्षेत्रलाई विशेष ध्यान दिई अघि बढ्न आवश्यक देखिन्छ ।

नेपालमा तीब्र रुपमा पर्यटन व्यवसायलाई अघि बढाउनको लागि शहरी क्षेत्रमा सरफाईको उचित व्यवस्थापन, खाना बस्नको लागि राम्रो होटेलको व्यवस्था, पहाडी तथा हिमाली भेगहरुमा विकासका पूर्वाधारहरुको उचित व्यवस्था, यातायात तथा आन्तरिक हवाई उडानको सहज व्यवस्था साथै पोखारा र रुपन्देहीको भैरवहामा बनेका अन्तर्राष्ट्रिय विमानस्थललाई नियमित रुपमा सञ्चालनमा ल्याई सहजता प्रदान गर्न पनि जरुरी देखिन्छ ।

**शिक्षा प्रणालीको गुणस्तरमा सुधारसँगै प्राविधिक शिक्षालाई विशेष प्राथमिकता**

देशमा कमजोर शिक्षा प्रणालीले गर्दा विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरुको संख्या दिनानुदिन बढ्दै गएको पछिल्लो समयको तथ्याङ्कले प्रष्ट पार्दछ । अहिलेको प्राविधिक युगमा पनि नेपालको शिक्षा प्रणाली अझैं उहीं पुरानै शैलीमा रहेको हुनाले अध्ययन पुरा गरिसकेपछि शैक्षिक प्रमाणपत्र प्राप्त गरे पनि सोहीअनुसार रोजगारका अवसर प्रदान गर्न नसकेको हाल नेपालमा बढ्दो बेरोजगारीको समस्याले देखाएको छ । जबसम्म शैक्षिक क्षेत्रको गुणस्तरमा सुधार हुन सक्दैन तबसम्म अहिलेका पुस्ताहरुको विदेश अध्ययन गर्न जाने क्रम पनि रोकिंदैन त्यसैले यस विषयमा सरकार गम्भिर हुन जरुरी रहेको छ ।

नेपालमा कक्षा १२ सम्मको अध्ययनपछि विदेश गएर पढ्ने चाहना धेरैको देखिएको छ । राजनीतिक अस्थिरता, रोजगारीका अवसरको कमी र नेपालमा अध्ययन गरेका आधारमा विश्वको जनशक्तिसँग प्रतिस्पर्धा गर्न नसकिने बुझाइ विद्यार्थीको छ । विदेश गएपछि पढाइसँगै रोजगारीका अवसर पनि पाइने भएकै कारण धेरैजसो विद्यार्थीले वैदेशिक अध्ययनलाई रोज्ने गरेका हुन् ।

सरकारले गएको आर्थिक वर्ष २०८१/८२ मा अर्थ मन्त्रालयपछि सबैभन्दा धेरै शिक्षामा बजेट छुट्टाएको थियो । आफूले सम्हालेको मन्त्रालयलाई २ खर्ब २२ अर्ब ८६ करोड बजेट छुट्याएका पूर्व अर्थमन्त्री वर्षमान पुनले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका लागि २ खर्ब ३ अर्ब ६६ करोड रुपैयाँ विनियोजन गरेका थिए ।

आर्थिक वर्ष २०८२/०८३ को लागि सरकार तथा अर्थमन्त्री विष्णु पौडेलले कसरी अगाडि बढाउने छन् त्यो हेर्न बाँकी नै छ ।

**स्वास्थ्य क्षेत्र**

सबैभन्दा संवेदनशील र महत्त्वपूर्ण मानिने स्वास्थ्य क्षेत्र देशका हरेक नागरिकहरुको लागि सहज र सुलभ सुविधाको व्यवस्था हुन आवश्यक देखिन्छ । अझैं पनि विकट ठाउँहरुमा सामान्य रोग तथा दुर्घटना हुँदा समयमै उपचार नपाएर कैयौं नागरिकहरुले अकालमै ज्यान गुमाउनु पर्ने अवस्था रहेको छ भने दीर्घकालिन रोगहरुको उपचारहरुको लागि देश विदेशमा रहेका व्यक्तिहरुसँग सहयोग मागेर उपचार खर्च जुटाउनु पर्ने अवस्था रहेको छ । त्यसैले यस्ता किसिमका समस्याहरु प्रति सरकार जिम्मेवार हुन आवश्यक देखिन्छ । हाल नेपाल सरकारले अवलम्बन गरेका नीति तथा कार्यक्रम र चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको आकर्षणका रूपमा स्थापित हुन नसकेको तीतो यथार्थ हाम्रो सामु विद्यमान रहेको छ भने पछिल्लो समय स्वास्थ्य क्षेत्रका जनशक्तिहरु पनि सरकारले दिने सेवा सुविधा तथा पारिश्रमिकबाट सन्तुष्ट हुन नसकी बाहिरिने गरेको पनि देखिन्छ, त्यसैले यसलाई बेलैमा विचार पुर्‍याई सरकार अघि बढ्न जरुरी देखिन्छ ।

पछिल्लो समय विश्वव्यापीकरणको मान्यताअनुरूप नेपालमा पनि विभिन्न मेडिकल कलेज र स्वास्थ्य संस्थाहरु स्थापना भई पठनपाठन कार्य सुचारु हुनु सम्पूर्ण नेपालीको गौरवको विषय बनेको छ । तर पनि देशका विभिन्न दुर्गम स्थानमा चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको अभाव, वर्तमान समयमा देखिएको सामान्य स्वास्थ्य उपचारको कमीका कारण जीवन गुमाउनुपर्ने दर्दनाक अवस्थाले जोसुकै सचेत नागरिकको मनमा शंका उत्पन्न गरिरहेको यथार्थ हो ।

गएको आर्थिक वर्ष २०८१/०८२ मा स्वास्थ्य तथा जनसंख्या ८६ अर्ब २४ करोड रकम विनियोजन गरेको थियो ।

स्वास्थ्य मन्त्रालयको बजेटमा निःशुल्क औषधि, अस्पतालहरूको क्षमता वृद्धि, स्वास्थ्य बिमा, आधारभूत अस्पताल सञ्चालन, उपकरणलगायतका विषयहरू परेका थिए ।

**बैंक तथा वित्तीय संस्थाहरुको पछिल्लो अवस्था**

विश्वव्यापी रुपमा फैलिएको कोरोना प्रभावपछि मुलुकको आर्थिक क्रियाकलापमा आएको शिथिलता, बजारको मागमा आएको निरन्तरको गिरावट, आयातमा भएको संकुचन, आर्थिक क्रियाकलापम वृद्धिमा सहयोग गर्ने क्रियाशील जनसंख्याको कमी, बचतमा आएको कमी, सरकारी राजस्व र खर्चको प्रवृत्तिमा भएको कमी तथा व्यावसायिक वातावरणमा देखिएका विभिन्न व्यवधानले गर्दा बैंकिङ क्षेत्रबाट निजी क्षेत्रमा जाने कर्जामा समेत कमी आएको छ । कुनै पनि देशको आर्थिक अवस्थालाई चलायमान बनाई राख्न वित्तीय संस्थाहरुको विशेष भूमिका रहने गर्दछ, तर पछिल्लो समय विभिन्न सहकारीहरुमा जनताका रकम नै हिनामिना भई असुक्षित महसुस गरिएको पनि देखिएको छ । वित्तीय संस्थाहरुले नागरिकले बचत गरेका रकमहरु व्यावसायीकर्मीहरुलाई निश्चित समय र ब्याजदरमा लगानी गर्ने गर्दछन् । तर पछिल्लो समय देशको अर्थतन्त्रमा देखिएको गिरावटले लगानी नै डुब्ने होकी भन्ने शंकाले पनि नागरिकहरुमा विभिन्न किसिमका भ्रमहरु पैदा भएको देखिन्छ । पछिल्लो समय देशमा देखिएको बैङ्क तथा वित्तीय संस्थाहरुलाई नागरिकहरुलाई भरोसा दिलाउन पनि नेपाल राष्ट्र बैङ्कले आर्थिक तथा वित्तीय नीतिहरुमा विशेष ध्यान दिन जरुरी देखिन्छ ।

पछिल्लो ९ महिनामा मात्रै ११ खर्ब ९१ अर्ब ३१ करोड रेमिटान्स भित्रिएको । नेपालको वार्षिक बजेट मात्र १८ खर्ब जति रहेको छ भने केही वर्षमा यहि अनुपातको दरमा वृद्धि हुँदै जाने हो भने देशको वार्षिक बजेटभन्दा रेमिट्यान्स रकम बढी हुने देखिन्छ ।

**उत्तरदायी राजनीति**

देशको अर्थतन्त्रलाई बलियो बनाउन यतिबेला सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रका जिम्मेवार व्यक्तिहरु एकताबद्ध भएर अघि बढ्न जरुरी रहेको छ । राजनीतिक दलहरु भनेको जनताका प्रतिनिधित्व गर्ने माध्यम हुन, त्यसैले देश र जनताप्रति जिम्मेवारी वहन गर्नुपर्ने सम्पूर्ण राजनीतिक दलहरुको उत्तरदायित्व हुन्छ । अहिलेसम्मका बजेट विनियोजनको राम्रा तथा कमजोर पक्षको विश्लेषण गरी सम्पूर्ण दलहरुबिच सहमति कायम गरी बजेट कार्यान्वयन गराउन आवश्यक रहेको छ । राजनीति दलहरुले चुनावको समयमा मात्र जनताहरुलाई विभिन्न किसिमका आश्वासन दिने, तर पूरा गर्न नसक्ने हुनाले पनि दलहरुप्रति जनताका आशा र विश्वास हराउँदै गएको देखिन्छ । राजनीति दलहरुले देशका विभिन्न क्षेत्रको अवस्था र आवश्यकता हेरि बजेट बाडँफाँट गर्न जरुरी रहेको देखिन्छ । विगतका वर्षहरुलाई हेर्ने हो भने माथिल्लोस्तरका नेताहरुले आफ्नो निर्वाचन क्षेत्रमा बजेट रकम बढी पारित गर्ने गरेको पनि प्रस्ततै उदाहरण रहेको पाइन्छ ।

सरकारले गएको आर्थिक वर्षमा १८ खर्ब ६० अर्ब ३१ करोड रुपैयाँको बजेट ल्याएको थियो । विनियोजित कुल बजेटमध्ये पुँजीगततर्फ ३ खर्ब ५२ अर्ब ३५ करोड रहेको थियो, जुन रकम कुल बजेटको १८.९४ प्रतिशत थियो ।

यसैगरी विनियोजित कुल बजेटमध्ये चालुतर्फ ११ खर्ब ४० अर्ब ६६ करोड रुपैयाँ रहेको थियो भने वित्तीय व्यवस्थातर्फ ३ खर्ब ६७ अर्ब १८ करोड रुपैयाँ विनियोजन गरिएको थियो । त्यस्तै राजस्वतर्फ १२ खर्ब ६० अर्ब ३० करोड रुपैयाँ, आन्तरिक ऋण ३ अर्ब ३० करोड रुपैयाँ, वैदेशिक ऋण २ खर्ब १७ अर्ब ६७ करोड रुपैयाँ र वैदेशिक अनुदान ५२ अर्ब ३३ करोड रुपैयाँ रहेको थियो । पछिल्लो समय खस्कँदै गरेको देशको अर्थतन्त्रलाई सन्तुलनमा ल्याउने वा कुन दिशा मा लैजान्छ भन्ने कुरा अब केही दिनपछि प्रस्तुत हुने आ.व.०८२/०८३को सरकारको नीति तथा कार्यक्रम र वित्तीय योजना वा बजेटले निर्धारण गर्नेछ । जसको लागि नेपाल सरकारलगायत राजनीतिक दलहरुको ठूलो भूमिका रहनेछ ।

विशेषगरी कृषि, औद्योगिक, पर्यटन, शिक्षा तथा स्वास्थ्य क्षेत्रलाई उल्लेखेनीय प्राथमिकताका साथ आगामी वर्षको बजेट विनियोजन भयो भने राष्ट्रिय उत्पादनमा टेवा पुगी विदेशिएको युवा जनशक्तिलाई उत्पादनको मूलधारमा लिई क्रियाशील गराउनुपर्दछ ।

सत्यवती-२, चेहेमी गुल्मी
हाल जापान ओसाका




*शोभायात्रामा थारू समुदाय*

२५६९औँ बुद्धजयन्ती तथा लुम्बिनी दिवस-२०८२ को अवसरमा सोमबार लुम्बिनीमा निकालिएको शोभायात्रामा थारू वेशभूषामा सजिएर आफ्नो संस्कृति प्रदर्शन गर्दै थारू समुदायका सहभागीहरु । तस्विर : राधेश्याम विश्वकर्मा / रासस

# नौ महिनामा भित्रियो ११ खर्ब ९१ अर्ब ३१ करोड विप्रेषण




काठमाडौँ । विप्रेषण आप्रवाहमा वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरण अनुसार चालु आर्थिक वर्षको नौ महिनामा रु ११ खर्ब ९१ अर्ब ३१ करोड बराबरको विप्रेषण आप्रवाह भएको छ ।

समीक्षा अवधिमा विप्रेषण आप्रवाह १० प्रतिशतले वृद्धि भएको हो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १७ दशमलव दुई प्रतिशतले वृद्धि भएको थियो ।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह सात दशमलव तीन प्रतिशतले वृद्धि भई आठ अर्ब ७४ करोड पुगेको छ । अघिल्लो वर्ष सोही प्रकृतिको आप्रवाह १५ दशमलव दुई प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु १३ खर्ब एक अर्ब ९४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु ११ खर्ब ७४ अर्ब ५४ करोड रहेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या तीन लाख ५८ हजार २२२ र पुनः श्रम स्वीकृति लिनेको संख्या दुई लाख ४९ हजार ६५२ रहेको छ ।

# हिमालबाट ७७ करोड रोयल्टी सङ्कलन



काठमाडौँ । यस वर्षको वसन्त ऋतुको हिमाल आरोहणबाट ७७ करोड रुपैयाँभन्दा बढी रोयल्टी सङ्कलन भएको छ । पर्यटन विभागको पर्वतारोहण शाखाका अनुसार आइतबारसम्म ७७ लाख ३५ लाख ८७ हजार ९१५ रुपैयाँ रोयल्टी जम्मा भएको हो ।

सगरमाथाबाट मात्रै ६७ करोड ६० लाख ९ हजार २८ रुपैयाँ रोयल्टी प्राप्त भएको छ । सर्वोच्च शिखर सगरमाथासहित २६ हिमाल आरोहणका लागि ११९ आरोही समूहका दुई सय ४० महिला र ८८७ पुरुष गरी कूल एक हजार १२७ जनाले आरोहण अनुमति लिएका छन् ।

विभागका निर्देशक लीलाधर अवस्थीका अनुसार सबैभन्दा बढी सगरमाथा आरोहणमा ४५ आरोही समूहका ८४ महिला र ३७२ पुरुष गरी कूल ४५६ आरोहीले आरोहण अनुमति लिएका छन् । सगरमाथा आरोहणका लागि ५७ देशका आरोही आएका हुन् । आमादब्लममा १० समूहका १०२, ल्होत्सेमा नौ समूहका १०७, मकालुमा आठ समूहका ७९, कञ्चनजङ्घामा सात समूहका ७५, नुस्सेमा छ समूहका ७६ र अन्नपूर्णमा छ समूहका ६६ आरोही छन् ।

वसन्त ऋतु सगरमाथासहितका हिमाल आरोहणका लागि उपयुक्त मौसम मानिन्छ । यो याममा सगरमाथा आरोहणका लागि विश्वभरबाट उल्लेख्य संख्यामा आरोही आउँछन् । आरोहण अनुमति जारी रहेकाले अझै संख्या बढ्नसक्ने विभागको अनुमान छ ।

# नयाँ लुगा किनिदिन्छु भनेर बालिकालाई बेचिन् भारतमा

पर्सा । पर्सा प्रहरीले वीरगञ्ज महानगरपालिका वडा-१६ नगवाकी २० वर्षीया आलिया खातुनलाई शनिबार पक्राउ गऱ्यो । जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले उनलाई मानव बेचबिखन तथा ओसारपसार कसूरमा पक्राउ गरेको थियो ।

उनलाई सोही वडामा बस्ने १३ वर्षीया बालिकालाई विभिन्न प्रलोभनमा पारेर भारत पुऱ्याएर यौन व्यवसायमा लगाएको आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साको एसपी गौतम मिश्रले जानकारी दिए ।

उनलाई पक्राउ गरी प्रहरीले अनुसन्धान सुरू गरिसकेको छ । अनुसन्धानका लागि प्रहरीले अदालतबाट पाँच दिनको म्याद लिएको छ । प्रारम्भिक अनुसन्धानबाट खातुनले बालिकालाई बैशाख २१ गते लुगा किनिदिन्छु भनेर लिएर गएको खुलेको छ । आफूले पहिलेदेखि नै बालिकालाई निगरानी गरिरहेको र नजिक हुने प्रयास गरिरहेको खातुनले बताएकी छन् ।

'एक साताजति घुलमिल भएको थिएँ,' उनले प्रहरीलाई भनेकी छन्-'बैशाख २१ गते बालिकालाई नयाँ लुगा किनिदिन्छु भनेर घरबाट लिएर गएँ ।'

चिनजान भएका कारण बालिकाले उनीसँग जान नहिचकिचाएको पनि प्रहरीले बताएको छ । सुरूमा खातुनले ती बालिकालाई आफ्नो घरमा लिएर गएकी थिइन् ।

तर त्यहाँ एक रात पनि नराखी भारतको बिहार रक्सौलको एउटा होटलमा पुऱ्याएको बताएकी छन् । त्यहाँ पुऱ्याएर चार दिनसम्म एकै होटेलमा राखेर यौन व्यवसायमा लगाएको खातुनले स्वीकार गरेकी छन् ।

'बालिकालाई यौन व्यवसायमा लगाएबापत प्रतिव्यक्तिबाट ५ हजार भारू लिने गरेको प्रहरीलाई बताएकी छन् ।'- एसपी मिश्रले भने ।

बालिकाको परिवारले भने उनी हराएको प्रहरीमा निवेदन दिएका थिए । सोही आधारमा अनुसन्धान गर्दै जाँदा बालिकालाई २७ गते राति २ बजे लाई बिहारबाट उद्धार गरेको एसपी मिश्रले जानकारी दिए ।

बालिकालाई उद्धार गरेपछि खातुनलाई नियन्त्रणमा लिएर सोधपुछ गर्दा उनले बालिकाहरूलाई यस अघि पनि प्रलोभनमा पारेर बेचेको बताएकी छन् ।

त्यसैले उनीविरूद्ध मानवबेचबिखन तथा ओसारपसार कसुरमा अनुसन्धान थालिएको छ । खातुनविरूद्ध एक वर्षअघि अभद्र मुद्दामा कानुनी कारबाही समेत रेकर्डमा भेटिएको एसपी मिश्रले बताए ।

# भारतले खुलायो ३२ विमानस्थल



बुटवल । भारतले पाकिस्तानसँगको तनावका कारण बन्द गरेका ३२ विमानस्थल खुला गरेको छ ।

सोमबार भारतको नागरिक उड्डयन प्राधिकरणले बन्द गरिएका ३२ वटा विमानस्थल खुला गरेको जनाएको छ ।

भारतीय अखबार द हिन्दुस्तान टाइम्सका अनुसार बन्द गरिएको ३२ वटै विमानस्थल सोमबारदेखि नै पूर्ण रूपमा सञ्चालनमा आएको छ ।

शनिबार युद्धविराम घोषणा भएपछि पनि केही विमानस्थल सञ्चालनमा आएको थियो । सञ्चालनमा बाँकी रहेका विमानस्थलहरू सोमबारदेखि नै सञ्चालनमा आएको हिन्दुस्तान टाइम्सले जनाएको छ ।

भारतीय नागरिक उड्डयन प्राधिकरणले सूचना जारी गरेर सुरक्षा जोखिमलाई मध्यनजर गरेर ३२ विमानस्थल मे १५ सम्मका लागि बन्द गरिएको थियो ।

# 'जलविद्युत्मार्फत् क्षेत्रीय आर्थिक सहकार्य जरुरी'




बुटवल । बङ्गलादेश सरकारका प्रमुख सल्लाहकार मुहम्मद युनुसले जलविद्युत्का क्षेत्रमा सहकार्य आवश्यक भएको बताएका छन् ।

बङ्गलादेशमा रहेकी प्रतिनिधिसभाका उपसभामुख इन्दिरा रानासँग सोमबार ढाकामा भएको भेटमा उनले बङ्गलादेश, नेपाल, भुटान र भारतको उत्तरपूर्वका सात राज्यबीच जलविद्युत्, स्वास्थ्य सेवा र सडक पूर्वाधारमा अन्तरदेशीय सहकार्य आवश्यक भएको बताएका हुन् ।

प्राध्यापक युनुसले भने-"बङ्गलादेश, नेपाल, भूटान र भारतको उत्तरपूर्वीमा रहेका सातवटा राज्यबीचको एकीकृत आर्थिक योजना आवश्यक छ, यसबाट हामीले छुट्टाछुट्टै भन्दा सँगै भएर धेरै फाइदा लिन सक्छौँ ।"

उनले नेपाल र बङ्गलादेशबिच जलविद्युत्को क्षेत्रमा दरिलो सहकार्य गर्न सकिने उल्लेख गरेका थिए । गत अक्टोबरमा बङ्गलादेश-नेपाल-भारतमाफ नेपालबाट बङ्गलादेशमा भारतीय ग्रीडमार्फत ४० मेगावाट विद्युत् ल्याउनका लागि त्रिपक्षीय सहमति भएको थियो ।

उनले बङ्गलादेशले यस क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तारमा प्रतिबद्धताका साथ काम गरिरहेको पनि उल्लेख गरे । "हामीले रङ्गपुरमा सुरु गर्न लागेको एक हजार शैयाको अस्पतालको सेवा नेपाल र भुटानबाट आउने बिरामीका लागि पनि लक्षित छ, क्षेत्रीय सहकार्यबाट स्वास्थ्य क्षेत्रमा समृद्धि हासिल गर्न सकिन्छ ।"-उनले भने ।

त्यस अवसरमा उपसभामुख इन्दिरा रानाले विभिन्न क्षेत्रमा द्विपक्षीय सहकार्यका लागि नेपालको इच्छुक रहेको उल्लेख गरिन । "नेपालका सबै सांसदहरु बङ्गलादेशसँग नजिक रहेर काम गर्न चाहना राख्नुभएको छ, हामी दुई देशबीचमा आर्थिक सहकार्य र नागरिकस्थरमा सम्बन्ध विस्तारमा गम्भीर छौँ ।" -उनले भनिन् ।

उनले हाल बङ्गलादेशका मेडिकल कलेजमा दुई हजार सात सयभन्दा बढी नेपाली विद्यार्थी रहेको उल्लेख गर्दै यहाँको गुणस्तरीय शिक्षाको प्रशंसा गरिन । साथै उनले यसमार्फत् दुई देशबिचमा शैक्षिक सहकार्य पनि गर्न सकिने सम्भावना औँल्याइन् ।

त्यसअवसरमा दुवै पक्षबाट भौतिक अन्तरआबद्धताका विषयमा छलफल भएको उपसभामुख रानाको सचिवालयले जनाएको छ । प्रमुख सल्लाहकार युनुसले दुई देशबिच सडक सञ्जाल विस्तारबाट नेपालले उल्लेख्य मात्रामा व्यापारिक लाभ लिन सक्ने धारणा राखे ।

त्यस अवसरमा बङ्गलादेशका लागि नेपालका राजदूत घनश्याम भण्डारी, प्रमुख सल्लाहकार युनुसका दिगो विकास लक्ष्य कार्यक्रमका संयोजक लामिया मोरसेद र बङ्गलादेशका परराष्ट्र मन्त्रालयका महाप्रबन्धक इस्नात जहानलगायतको उपस्थिति थियो ।

**लुम्बिनी...**

मानव जातिमा शान्ति र स्वास्थ्य र इच्छाहरु पूरा गर्न सकोस, उनले प्रधानमन्त्रीलाई २६४९ वा २५६९ बुद्ध जयन्ती हो भन्ने विषयमा नेपाल सरकारले नेतृत्व लिएर सबै बुद्धिष्ट समुदाय बसेर समस्या समाधान गर्नुपर्ने बताए । । उनले भविष्यको बुद्ध जयन्ती कुन हिसाबले मनाउने विषयमा प्रधामन्त्रीलाई ध्यानाकर्षण समेत गराए ।

मूल समारोहमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव, नेपालका लागि चिनियाँ राजदूत चेन सोङ्ग, नेपालका लागि थाइल्याण्डका राजदूत सुवाफोङ श्रीसङ रयुएनडीपीको आवासीय प्रतिनिधि क्योको योकोसुकाले वर्तमान विश्वमा शान्ति कायम गर्न बुद्धका सन्देशको महत्व रहेको बताए ।

प्रत्येक वर्ष बैशाख शुक्ल पूर्णिमाका दिन लुम्बिनीमा बौद्ध जयन्ती मनाउने गरिएको छ । यस वर्ष लुम्बिनी विकास कोषले तीन दिन विभिन्न कार्यक्रम आयोजना गरेर बुद्ध जयन्ती मनाइरहेको छ । बुद्ध जयन्तीको पूर्व सन्ध्यामा आइतबार साँझ मायादेवी मन्दिरमा दीप प्रज्ज्वलन गरिनुकासाथै परित्राण पाठ गरिएको थियो । उक्त कार्यक्रममा लुम्बिनीमा रहेका विभिन्न बिहारले पूजापाठ र ध्यान गरेका थिए । सोमबार बिहान मूल समारोह अघि मायादेवी मन्दिरबाट शोभायात्रा निकालिएको थियो ।

नेपाल सरकारले तिलौराकोट कपिलवस्तुलाई विश्वसम्पदा स्थलको रुपमा सूचीकृत गर्नका लागि अनुरोध समेत गरेको लुम्बिनी विकास कोषले जानकारी दिएको छ ।

**नेपालको...**

पूर्वन्यायाधीश सिंहले कार्यपालिकालाई उत्तरदायी बनाउनुपर्ने व्यवस्थापिका पनि आफ्नो संवैधानिक दायित्वप्रति उदासीन हुँदै गएको औंल्याएका छन् । विज्ञप्तिमा न्यायपालिकाको कामकारबाहीमा न्यायिक निश्चितता, एकरूपता र प्रभावकारितामा प्रश्न उठेको औंल्याइएको छ ।

पूर्वन्यायाधीश फोरमले न्यायपालिका संवैधानिक भूमिकाको निर्वाहमा अपेक्षाकृत कमजोर देखिएको औंल्याएको हो ।

नागरिकको मौलिक अधिकारको संरक्षण तथा कानुनी शासनको अभिभावकीय दायित्व बोकेको न्यायपालिकाको भूमिकामाथि पनि पूर्वन्यायाधीशहरूले प्रश्न उठाएका छन् ।

उचित र पर्याप्त आधारमा मात्रै व्यक्तिलाई थुनामा राख्न अनुमति दिने र म्याद थप्ने काम हुनसक्ने भन्दै पूर्वन्यायाधीश फोरमले 'उचित र पर्याप्त आधारको विद्यमानको विषयलाई समेत न्यायाधीशहरूले बुझ्न र कार्यान्वयन गर्न नसकेको भन्दै त्यसले कानुनको दुरुपयोग भइरहने औंल्याएको हो ।

राष्ट्रिय महत्त्वका गम्भीर विवादहरू अदालतमा लामो समय विचाराधीन रहेको, कतिपय विवाद छोटो समयमा टुंगिएको भन्दै फारमले न्यायपालिकाबाट समान व्यवहार गरेको अनुभूति हुन नसकेको औंल्याएको छ । उसले भनेको छ- 'जसको असर न्यायपालिकाको जनआस्था समेतमा पर्न जान्छ ।'

गम्भीर प्रकृतिका संवैधानिक विवादमा सर्वोच्च अदालतबाट ब्याख्या हुनुपर्नेमा कारण देखाउ आदेश समेत जारी नगरी एकल इजलासले विवाद टुंग्याएको भन्दै पूर्व न्यायाधीशहरुले त्यसलाई 'न्यायिक विकृति' भनेका छन् ।

उनीहरूले विवादको सारभूत विषयमा टेकेर रजिष्ट्रारहरूले मुद्दाको दरपीठ (दर्ता गर्न अस्वीकार गर्ने आदेश) जारी गर्ने चलन बढेको भन्दै प्रश्न उठाएका हुन् ।

**सच्चाइएको सूचना ।**

दैनिक लुम्बिनी पत्रिकामा मिति २०८२/०१/२९ गते प्रकाशित यशोधरा गाउँपालिकाको सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचनामा बोलपत्र पेश गर्ने अन्तिम मिति २०२५/०५/२१ (A.D.) हुनुपर्नेमा अन्यथा भएकोले सच्चाइएको

**बिमा लेख हराएको सूचना**

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।१२।१८ गते परासीदेखि भैरहवा जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नाम** : अवधेश हलुवाई
**ठेगाना** : रामग्राम नगरपालिका वडा नं. २, नवलपरासी
**बिमा लेख नं.** १५००२७५१२
**मोबाईल नं.** ९८४७२९०२१८

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# पाल्पामा संस्थागत सुत्केरी बढाउने अभियान



पाल्पा । यहाँका पालिका पूर्ण संस्थागत प्रसूति सेवायुक्त बन्दै गएका छन् । घरमै सुत्केरी हुने दरलाई शून्यमा परिणत गराउन उनीहरुले पूर्ण संस्थागत सुत्केरी घोषणा अभियान कार्यक्रमलाई उच्च प्राथमिकता दिएका छन् ।

संघीय सरकारको संस्थागत सुत्केरी बढाउने नीतिअनुरूप जिल्लाका दुई नगरपालिका र आठ गाउँपालिकाले घरमै सुत्केरी हुने दर घटाउन अभियानका रूपमा जोड दिएका हुन् । यहाँका दश स्थानीय तहमध्ये पाँच स्थानीय तह पूर्ण संस्थागत प्रसूति सेवायुक्त बनिसकेका छन् भने अन्य बन्ने तरखरमा छन् । जिल्लामा पहिलोपटक पूर्वखोला गाउँपालिका पूर्ण संस्थागत प्रसूति सेवायुक्त पालिका घोषणा भएको थियो । त्यसपछि रम्भा, बगनासकाली, माथागढी गाउँपालिका र रिब्दीकोट गाउँपालिका घोषणा भएका हुन् । अझैं तानसेन र रामपुर नगरपालिका साथै तिनाउ, रैनादेवी छहरा, निस्दी गाउँपालिका पूर्ण संस्थागत प्रसूति सेवायुक्त पालिका हुन बाँकी रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

रिब्दीकोट गाउँपालिका पूर्ण संस्थागत प्रसूति सेवायुक्त पालिका एवं पूर्ण खोप दिगोपन सुनिश्चितता पालिका घोषणा भएको छ । लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगर, जिल्ला समन्वय समिति प्रमुख तथा जिल्ला खोप समन्वय समितिका अध्यक्ष टङ्कनाथ खनाल, सदस्य सचिव तथा स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुकप्रसाद पोखरेलले पालिकालाई पूर्ण संस्थागत प्रसूति सेवायुक्त पालिका एवं पूर्णखोप दिगोपन सुनिश्चितता पालिका घोषणा गरेका हुन् ।

उनीहरुले गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्की, उपाध्यक्ष कान्ता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत मणिप्रसाद खनाल, स्वास्थ्य शाखा प्रमुख सुनिल अधिकारीलाई घोषणाको प्रमाणपत्र प्रदान गरेका थिए ।

सभामुख घर्तीले घोषणापछि नवजात शिशु र आमाको स्वास्थ्यमा सुधार ल्याउने बताए । प्रसूतिको समयमा आमाको मृत्यु भएपछि जिन्दगीभर आमा देख्न नपाउनेको पीडा हामीले अनुभव गर्न नसकिने जनाउँदै त्यस्तो कुनै पनि नागरिकले भोग्न नपर्ने गरी स्वास्थ्यको पहुँच बढाउन पालिकाले जोड दिनुपर्ने उनले जनाए । जिल्ला खोप समन्वय समितिका प्रमुख टङ्कनाथ खनालले घोषणासँगै दिगोपनाका कार्यक्रमलाई नीतिगतरुपमै सम्बोधन गरेर प्रभावकारीरुपमा सञ्चालन गर्नुपर्नेमा जोड दिए । गाउँपालिका उपाध्यक्ष अधिकारी, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खनाल, गाउँपालिकाका पूर्वअध्यक्ष नारायणबहादुर जीसी, उपाध्यक्ष लक्ष्मी खनाल, स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुकप्रसाद पोखरेललगायतले घोषणा कार्यक्रमबाट बालबालिकाको मृत्यु दर पूर्णरुपमा घटाएको, भविष्यमा सरुवा रोगको जोखिम हटाएको, स्वस्थ्य समाज निर्माणमा सहयोग पुगेको धारणा राखेका थिए ।

पूर्ण संस्थागत प्रसूति स्थानीय तह घोषणा गर्न प्रदेश स्वास्थ्य मन्त्रालयले तोकेको मापदण्ड र निर्देशिकाले चार पटक गर्भजाँच कम्तीमा ९० प्रतिशत हुनुपर्ने, सुत्केरी भएकामध्ये ९५ प्रतिशत महिलाले दक्ष प्रसूतिकर्मीको उपस्थितिमा स्वास्थ्य संस्थामै प्रसूति हुनुपर्ने, घरमा हुने प्रसूति शून्य हुनुपर्ने र प्रसूतिपछि पनि ९० प्रतिशतले जाँच हुनुपर्ने प्रावधान रहेको छ । सो प्रावधानअनुसार पालिकाभित्र एक वर्ष अवधिमा १९३ जना गर्भवती भएकोमा १९२ जनाले चार पटक गर्भजाँच गराएको र १९३ जना नै स्वास्थ्य संस्थामा प्रसूति भएको, विगत तीन वर्षदेखि कुनै पनि महिलाले घरमा, बाटोमा नभई स्वास्थ्य संस्थामै सुत्केरी भएको स्वास्थ्य शाखा प्रमुख अधिकारीले बताए ।

पूर्ण खोप दिगोपन सुनिश्चितता पालिका घोषणा हुनको लागि पालिकामा जन्मिएका १५ महिनामुनिका सबै बालबालिकाले १३ वटा सरुवा रोगको खोप अनिवार्य रुपमा लगाएको हुनुपर्दछ । जसमा ४४ जना दलित, ९२ जना जनजाति, २८ जना ब्राह्मण क्षेत्री र एक जना मुस्लिम गरी १६५ जनाले खोप लगाएका छन् । सोह्र महिनादेखि ५९ महिनासम्मका १७२ जना दलित, २९८ जना जनजाति, १२६ जना बाह्मण क्षेत्री गरी ५९६ जना बालबालिकाले पूर्ण खोप लगाएका छन् । भारतमा बस्दै आएका वडा नं. ८ का दुई बालबालिकाको छुटेको खोप लगाएर २०८१ चैत मसान्तसम्म पाँच वर्षमुनिका ७६१ जना बालबालिकाले खोप प्राप्त गरी कहीँकतैबाट पनि कुनै पनि बालबालिका नछुटेको खोप समन्वय समितिबाट प्रमाणित भएपछि पालिकालाई पूर्ण खोप दिगोपन सुनिश्चितता घोषणा गरिएको गाउँपालिका अध्यक्ष कार्कीले बताए ।

सरकारले १३ सरुवा रोगहरु क्षयरोग, भ्यागुते रोग, लहरेखोकी, धनुष्टाङ्कार, हेपाटाइटिस वि, हेमोफिलस, इन्फुल्जा बी, पोलियो, दादुरा, रुबेला, न्यूनोमिया, मेनिन्जाइटिस, जापानिज इन्सेफलाइटिस, रोटा भाइरस तथा गर्भवती महिलाको लागि टिडी खोप निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको छ । जिल्ला २०७० साल फागुन १३ गते नेपालमै पहिलो पूर्णखोप जिल्लाको रुपमा घोषणा भएको थियो ।

# रेसुङ्गा विमानस्थलबाट सातामा तीन पटक उडान हुने



गुल्मी । यात्रुको चाप बढेसँगै गुल्मीको रेसुङ्गा विमानस्थलबाट हप्तामा तीन पटक उडान हुने भएको छ । विगत केही समययता साप्ताहिक उडान भर्दै आए पनि यात्रुको चाप हेरेर आइतबार, मङ्गलबार र बिहीबार गरी हप्तामा तीन पटक सेवा दिने रेसुङ्गा विमानस्थल स्टेशन प्रमुख सुमन थापाले जानकारी दिए ।

नेपाल एयरलाइन्सका जहाज अभावका कारण सेवा नियमित हुन सकेको थिएन । नेपाल एयरलाइन्सको टुइनेटर जहाजमार्फत् सेवा सञ्चालन हुँदै आएको छ । नेपाल एयरलाइन्सका जहाज मर्मतपछि नियमित उडान पुनःसुरु गरेको हो । रेसुङ्गा-काठमाडौँका लागि रु सात हजार ८० र काठमाडौँ-रेसुङ्गा रु सात हजार दुई सय ८० भाडादर कायम छ ।

मौसम खराबी र जहाज अभाव देखाएर नियमित उडान हुनसकेको थिएन । हप्तामा तीन दिन हुने उडानले गुल्मेलीमा उत्साह छाएको स्थानीय मनोज कार्कीले बताए ।

निगमको १८ सिट क्षमताको जहाजले बिहान ६ः१० बजे काठमाडौँबाट रेसुङ्गा र बिहान ७ः१५ बजे रेसुङ्गाबाट काठमाडौँका लागि उडान गर्ने गरी समय निर्धारण गरेको छ ।

# घर भाडामै काठेखोला गाउँपालिकाको ६० लाख खर्च




बागलुङ । यहाँको काठेखोला गाउँपालिका स्थापनाको नौ वर्षसम्म भाडाकै घरमा छ । जिल्लाको १० स्थानीय तहमध्ये जग्गाको समेत टुङ्गो नलागेको काठेखोला गाउँपालिकाले हालसम्म भाडाकै घरबाट सेवा दिँदै आएको छ । मासिक ६० हजारका दरले भाडा दिँदै आएको पालिकाले स्थापनाकालदेखि ६० लाख रुपैयाँ भाडामा खर्चेको छ ।

लामो समय हुँदासमेत पालिकाको आफ्नै भवन निर्माण नहुँदा स्थानीयले पालिकाप्रति प्रश्न गर्दै आएका छन् । जिल्लाका सात पालिकाको आफ्नै भवन छभने दुई पालिकाको भवन निर्माणको चरणमा छन् । तर काठेखोला गाउँपालिकाले स्थापनाकालदेखि प्रशासकीय भवन निर्माणमा आवश्यक जग्गाको खोजी गरे पनि हालसम्म टुङ्गो लगाउन नसकेको हो ।

गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको दोस्रो कार्यकालमा आउँदासमेत पालिकाको भवन निर्माण नहुनु दुःखद भएको काठेखोला गाउँपालिका-२ अछेतेका स्थानीय गणेशबहादुर भण्डारीले बताए । उनले गाउँपालिकाले नौ वर्षसम्म जग्गा र भवनको टुङ्गो लगाउन नसकेको जनाए ।

"जबसम्म गाउँपालिकाले पायक पर्ने स्थानमा भवन बनाउन सक्दैन, हामी नागरिकले प्रश्न गर्न छाड्दैनौँ, जिल्लाका अन्य पालिका आफ्नो भवनबाट सेवा दिइसक्दा समेत काठेखोला गाउँपालिका अझैं भाडाकै घरमा छ", भण्डारीले भने-"गाउँपालिकालाई स्थानीयले देखाएको जग्गामा भवन बनाउन कस्ले रोक्यो, अछेते बजार नजिकै भवन बनाउँदा सबैलाई पायक पर्दछ, सामुदायिक वनमा भवन बनाउने कुरा थियो, अहिलेसम्म पालिका निर्णयमा नपुग्दा नागरिकलाई सेवा प्रवाहमा समस्या भएको छ ।"

गलकोट र जैमिनी नगरपालिकाको भवन निर्माणाधीन अवस्थामा छ । गत फागुनदेखि ढोरपाटन नगरपालिकाले आफ्नै भवनबाट प्रवाह गर्न थालेको छ । काठेखोलाको प्रशासनिक केन्द्रको विवाद सात वर्षपछि टुङ्गोमा पुगे पनि पुनः मुद्दा परेर विवाद बढेको थियो ।

नौ वर्षदेखि प्रशासनिक भवन निर्माणका विषयमा कार्यपालिका बैठकमा धेरै पटक छलफल भए पनि त्यसले सार्थकता पाएको छैन । अघिल्लो पटक कार्यपालिकाको बैठकले वडा नं. ६ को सामबोट सामुदायिक वनको जग्गामा भवन निर्माण गर्ने निर्णय गरेको थियो । सामबोटमा भवन बनाउन कार्यपालिका बैठकले निर्णय गरी १३औँ गाउँसभाबाट पारित गरेर रु एक करोड रकम विनियोजन गरे पनि सामुदायिक वनमा भवन बनाउन स्थानीयले अवरोध गरेको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिए ।

बिहुँकोट सुलडाँडामा भाडाको घरबाट सेवा दिँदै आएको पालिकाले आगमी आर्थिक वर्ष भाडा तिर्न नपर्नेगरी विद्यालयको भवनमा सर्ने योजना बनाएको अध्यक्ष थापाले बताए । भीमसेन माध्यमिक विद्यालयको भवनबाट साउनदेखि गाउँपालिकाले सेवा दिनेगरी अहिले भवन फर्निसिङको काम गरिरहेको जनाए । जिल्ला सदरमुकाम बागलुङ बजारसँग जोडिएको यो गाउँपालिका अन्य पालिकाभन्दा सुगममा पर्छ । दुर्गमका पालिकाहरुले आफ्नै भवन निर्माण गरेर काम सुरु गरिसक्दा काठेखोलाको जग्गा तथा भवन अझैं टुङ्गो लगाउन सकेको छैन ।

त्यहाँका केही स्थानीयले सुलडाँडा र केहीले अक्षतेमा केन्द्र राख्ने विषयमा स्थानीयबिच विवाद भइरहेको छ । वडा नं. १, २, ३ र ४ ले अक्षते तथा वडा नं. ५, ६, ७ र ८ ले हाल कार्यालय सञ्चालन हुँदै आएको सुलडाँडामै प्रशासनिक भवन बनाउने अडान राख्नाले भवन निर्माणमा ढिलाइ भएको हो ।

# स्याङ्जाका सबै पालिका पूर्णखोप सुनिश्चित




**प्रकाश डोटेल**
*सयाङ्जा*

स्याङ्जा पूर्णखोप सुनिश्चित जिल्ला बनेको छ । जिल्लाका ११ वटै पालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना प्रमाणीकरण घोषणा गरेसँगै जिल्ला पूर्णखोप सुनिश्चित जिल्ला बनेको हो ।

२०७५ साल असारयता हरेक वर्ष खोप लगाएको प्रमाणीकरण गरिँदै आएपछि मात्रै पूर्णखोप सुनिश्चित तथा दिगोपना प्रमाणीकरण गरिएको हो । जन्मेदेखि १५ महिनाभित्रका बालबालिकाहरुले पाउने ७ पटकमा १३ वटा रोगविरुद्धको ९ प्रकारका खोप लगाएपछि सुनिश्चितता तथा दिगोपना प्रमाणीकरण गरिएको छ ।

प्रदेश स्वास्थ्य कार्यालय स्याङ्जाले सम्बन्धित पालिकाका स्वास्थ्य शाखा तथा पालिकाको सहयोगमा पूर्णखोप सुनिश्चित तथा दिगोपना प्रमाणीकरणसम्बन्धीत पालिकामै गई कार्यक्रम गरेको प्रदेश स्वास्थ्य कार्यालयका मनिषकुमार झाले बताए ।

जिल्लाका २ हजार ७४६ जना बालबालिकाले जन्मेदेखि १५ महिनाभित्र पाउने खोप सम्पूर्ण खोप लगाएका छन् । पूर्णखोप सुनिश्चित प्रमाणीकरणमा १६ देखि २३ महिनासम्मका बालबालिकाको खोप तथ्यांक संकलन गरिएको थियो ।

११ पालिका मध्येनगरपालिकातर्फ वालिङका ६ सय २० जना, पुतलीबजारका ५ सय २३ बालबालिका, गल्याङ्का ३ सय २३, भीरकोटका २ सय ५३ र चापाकोटका १ सय ८८ बालबालिका तथा गाउँपालिकातर्फ कालीगण्डकीका २ सय ५, अर्जुनचौपारीका १ सय ५७, आँधीखोलाका १ सय ४६, हरिनासका १ सय ३१, फेदिखोलाका १ सय १४ र बिरुवाका ८६ जना बालबालिकाले पूर्णखोप प्राप्त गरेका छन् ।

जन्मदेखि १५ महिनासम्मका बालबालिकाले क्षयरोग, पोलियो, झाडापखला, भ्यागुते रोग, लहरे खोँकी, धनुष्टंकार, हेपटाइटिस बी, हेमोइन्फ्युएन्जा बी, निमोनिया, दादुरा, रुबेला, जापानिज इन्सेफ्लाईटिस र टाइफाइड गरी १३ रोगविरुद्धको खोप लगाएको सुनिश्चित भएपछि मात्रै पूर्णखोप सुनिश्चित पालिका घोषणा गरिन्छ ।

सबै पालिका पूर्ण खोप सुनिश्चिता तथा दिगोपना प्रमाणीकरण भएसँगै केही समयभित्र जिल्लालाई समेत पूर्णखोप सुनिश्चित तथा दिगोपना प्रमाणीकरण गरिने जिल्ला समन्वय समितिले जनाएको छ । कोहि पनि बालबालिका खोप लगाउनबाट वञ्चित नहुँन भन्दै प्रमाणीकरण अभियान चलाइएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

वन डढेलोजन्य कार्यमा सरिक हुनेका बिरुद्ध गोप्य सुराकी :-
वन डढेलोजन्य कार्य गर्नेलाई क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था छ । यस अपराधमा सरिक हुनेका बिरुद्ध गोप्य सुराक र अनुसन्धान प्रकृयामा सहयोग गरिदिन अनुरोध छ ।
दोषी पहिचानमा सहयोग गरौं (९८५७०६३६११, ९८५८३२१०१६)
अनुरोधक
डिभिजन वन कार्यालय अर्घाखाँची

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com